# "Triple Benefit Program-Nepal"

## Terms of Reference (TOR)

2058
SAHAMATI

सहमतिद्धारा संचालित **प्रकृतिमा आधारीत समाधान–टि.वि.पि कार्यक्रम,** नवलपरासी (ब.सु.पू) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाँऊपालिकाको गिन्द्रि जलाधार क्षेत्र र चितवन जिल्लाको भरतपुर महानगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र इच्छाकामना गाँऊपालिकाको खगेरी जलाधार क्षेत्रमा सञ्चालन भईरहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायहरुको क्षमता अभिवृद्धी, जन चेतनामुलक कार्यक्रम, जलाधार क्षेत्र व्यवस्थापन, वन व्यवस्थापनमा सुधार, जीविकोपार्जन विविधीकरण, बजारमा पहुँच, वकालत र अभियानहरु, बहुपक्षिय छलफल, सहभागितामूलक र समावेशी संरक्षण अधिकारको क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन हुँदै छ्न । यसै कार्यक्रमका लागी अनुसुचि १ अनुसार उल्लेखित अग्नि नियन्त्रण सामग्री खरिद गर्नुपर्ने भएकोले TOR मा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक आधिकारिक डिलर, सप्लायर्स स्थानिय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ता बाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

शर्तहरु :

१. नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्बन्धित कम्पनीका आधिकारीक बिक्रेताहरु यो सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि योग्य हुनेछ ।
२. अनुसूची १ मा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने छ । दरभाउ पत्र पेश गर्दा सामग्रीहरुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।
३. कम्पनी/फर्म/अधिकृत बिक्रेताले सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा उल्लेखित मिति भित्र दरभाउ पेश गर्नु पर्नेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका उत्तर सिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।
४. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै दरभाउपत्र दर्ता गर्न सकिनेछ ।
५. सिलबन्दी दरभाउपत्रको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा (भ्याट सहित) स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै वाध्यात्मक शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको दरभाउपत्र स्वत: रद्द हुनेछ ।
६. माथि उल्लेखित कार्यक्षत्रहरुमा सामान ढुवानीको व्यवस्था हुने वा नहुने प्रष्ट रुपले खुलाउनु पर्नेछ ।
७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुरगर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।
८. सिलबन्दी दरभाउपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

सहमति
SAHAMATI

९. पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

क.विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)
ख. फर्मदर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि ।
ग. मूल्य अभिवृद्धि करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. सिलबन्दी दरभाउपत्र बुझाएको निबेदन ।
ङ. सम्बन्धित उत्पादक कम्पनिको आधिकारीक बिक्रेताको प्रमाण पत्र प्रतिलिपि ।

१०.सिलबन्दी दरभाउपत्र पेश गर्दा अनिवार्य रुपमा यस TOR मा संलग्न अनुसूचि १ भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।

११. सिलबन्दी दरभाउपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ र सो को कारण सप्लार्यस/दातालाई संस्थाले कारण खुलाउन बाध्य हुने छैन ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"अग्नि नियन्त्रण सामग्री खरिद"** लेखी मिति २०८१/०७/३० गते (15th Nov 2024) बेलुका ५:०० बजे भित्र **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासीमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

सहमति
SAHAMATI
(२०५८)
Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)

अनुसूची १: अग्नि नियन्त्रण सामग्री (**Specification**)

| S.N | Materials Name | Specification | Unit | Estimated required quantity | Unit Price with Vat | Unit Price with VAT (In Word) |
|---|---|---|---|---|---|---|
| 1 | Fire Swatter | Fire Swatter Total Weight: 2 kg<br>Length of handle: 1.5 m<br>Length of flaps: 300mm ± 20mm<br>Width of flaps: 50-80 mm (prefer 75 mm) | Pieces | 56 | | |
| 2 | Fire Rake | Fire Rake Weight: 2 kg<br>Length of handle: (1.0-1.3) m<br>Width of metal head: 30 cm;<br>Inner Angle: 800<br>No. of Teeth: 4 | Pieces | 28 | | |
| 3 | Fire Rake Hoe | Fire Rake Hoe Weight: 1.5 kg<br>Length of handle: (80-90) cm<br>Metal Head:<br>Length:23 cm<br>Width: 20 cm<br>No. of Teeth: 3-6 | Pieces | 28 | | |
| 4 | Forest fire sprayer (Bag Pack) | Fire Extinguishing & Water Back Pack in Nepal:<br>Forest Fire Sprayer<br>Flow: 1020 to 120 ML Per Press<br>Spray Range: About 8 Meters<br>Spray Gun Length: 68 CM<br>PVC Hose Length 1.2M<br>Back Pack Material: Water Proof PVC Net Cloth<br>Back Pack Capacity: 15 Litres.<br>Dry Back Pack Weight: about 0.75-0.8 Kgs.<br>Dimension: 50*65.5 Cm<br>Cap Diameter: 10 Cm | Pieces | 70 | | |
| 5 | Shovel | Shovel Black in colour<br>• Wood handle material<br>• Length of 225 mm<br>• Hand shovel type<br>• Width of 120 mm | Pieces | 42 | | |

सहमति SAHAMATI (२०५८) Gaindakot, Nawalparasi

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6 | whistle | Whistle Emergency whistle (Hard) | Pieces | 56 | | |
| 7 | Fire suit | Fire suit (Fire resistant yellow colour fabric cotton | Pieces | 28 | | |
| 8 | Helmet | Helmet Heard (HDPE Colour Yellow, White, model: knob type, shape oval round, overall size 280*240*200, Head size 51-64 cm, thickness 4mm, weight 200 grm | Pieces | 56 | | |
| 9 | Gumboot with steel toe | Gumboot with steel toe, Height 13", Toe: Steel toe, Upper: Soft and flexible PVC for comfort, Sole: Double density sole with extra hard PVC for better gripping, water proof boot | Pair | 56 | | |
| 10 | Torch | Dry Cell, High power | Pieces | 28 | | |
| 11 | Gloves | Gloves (Heat/fire resistant) | Pair | 56 | | |
| 12 | First aid box | First aid kit box with medicine (3 Layer) | Set | 14 | | |

नोट :

क) अग्नि नियन्त्रण सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट हुन सक्ने छ जसको लागि कोटेशनदाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ ।

सहमति SAHAMATI (२०५८) Gaindakot, Nawalparasi (An Institution Dedicated For Community Plus Humane Development)

नाम: मिति: छाप: ह